# गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूह

विजयनगर गा.पा. ६, उज्जलपुर, कपिलवस्तु

पत्र संख्या :२०८२/०८३ स्था. २०६६

चलानी नं.

इमेल : gautambudhacfm@gmail.com


दोश्रो पटक प्रकाशन मिति २०८२/०८/२६

**विषय : काठ, दाउरा समूह बाहिर लिलाम बिक्रीको सूचना ।**

प्रबेज अलिम खाँ
अध्यक्ष
गौ.बु.सा.व.उ.स.

यस साझेदारी वनबाट आ.व.२०८०/०८१ मा पुनरुत्पादन कटान प्लट ६ वटा तथा सम्पुर्ण वन क्षेत्रमा रहेको ढलापडा छपान भएका रुखहरु नियमानुसार कटान मुछान गर्दा सो बाट उत्पादन भएको काठ, दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नको लागी बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिका तथा यस कार्यालयबाट (आठ) वटा लटको संक्षिप्त सूचना मिति २०८१/१२/११ मा प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र विक्री भएका बोलपत्रहरु मध्ये लट नं. १, २, ३, ४, ५ र ८ को मात्र बोलपत्र फारम दाखिला भई नियमानुसार विक्री वितरण भएको र बाँकी रहेको लट नं. ६ र ७ (हाल कायम गरिएको लट नं. १ र २) को तपसिल बमोजिक काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नको लागी दोश्रो पटक बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिका तथा यो संक्षिप्त सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई रितपूर्वकको स्थायी लेखा नम्बर वा आयकर दर्ता र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त वन पैदावारमा आधारित उद्योगले निम्न शर्तहरुको अधिनमा रही तोकिएको मिति, स्थान र समय भित्र निम्न बमोजिम वन पैदावारको लागी अलग अलग शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

## १) वन पैदावारको विवरण :

| लट नं. | प्लटको नाम | धाङ्ग नं. | जात | ग्रेड | गोलिया थान | परिमाण (क्यू.फि.) | न्यूनतम दर(रु.) | न्यूनतम मुल्य जम्मा रु. | संकलन खर्च | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १-२०८२/०८३ | पुनरुत्पादन कटान प्लट तथा ढलापडा | ५६RF, ७०RF, ७६RF, ९७RF, १,२०, २८ | असना | A | २५ | ४३१.८४ | ४०० | १७२७३६ | १७६२४८ | विजयनगर गा.पा.-६,उज्जलपुर, कपिलवस्तु |
| | | | | B | ३२ | ३१८.०४ | ३०० | ९५४१२ | | |
| | | | | C | १०१ | ३६५.३१ | १०० | ३६५३१ | | |
| | | जम्मा | | | १५८ | १११५.१९ | ० | ३०४६७९ | | |
| | | ६९RF, ७०RF, | जामुन | C | ५ | १३.९५ | १०० | १३९५ | | |
| | | २२RF, ९१ | कर्मा | C | ५ | ११.६२ | १०० | ११६२ | | |
| | | कुल जम्मा | | | १६८ | ११४०.७६ | | ३०७२३६ | १७६२४८ | |

# गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूह

विजयनगर गा.पा.-६, उज्जलपुर, कपिलवस्तु
स्था: २०६६

पत्र संख्या :२०८२/०८३
चलानी नं.

इमेल : gautambudh[illegible]@gmail.com

प्रबेज आलम
अध्यक्ष
गौ.सा.व.उ.स.

| लट नं. | प्लटको नाम | धाङ्ग नं. | जात | ग्रेड | गोलिया थान | परिमाण (क्यू.फि.) | न्यूनतम दर(रु.) | न्यूनतम मुल्य जम्मा रु. | संकलन खर्च | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २-२०८२/०८३ | पुनरुत्पादन कटान प्लट तथा ढलापडा | ३१,६८,७६,७८ | असना | A | २८ | ४४२.५९ | ४०० | १७७०३६ | २१७५८४ | विजयनगर गा.पा.-६,उज्जलपुर, कपिलवस्तु |
| | | | | B | २० | १७९.४१ | ३०० | ५३८२३ | | |
| | | | | C | १२४ | ३६८.२८ | १०० | ३६८२८ | | |
| | | जम्मा | | | १७२ | ९९०.३ | | २६७६८७ | | |
| | | २६RF | जामुन | A | १ | ११.६८ | ४०० | ४६७२ | | |
| | | | | B | २ | १३.९० | ३०० | ४१७० | | |
| | | | | C | ३५ | ८५.२३ | १०० | ८५२३ | | |
| | | | | | ३८ | ११०.८ | | १७३६५ | | |
| | | ५६ | सिसौं | A | ७ | ३८.९८ | १२५० | ४८७२५ | | |
| | | | | B | ७ | ३०.७८ | १००० | ३०७८० | | |
| | | | | C | १४ | ३२.५९ | ६०० | १९५५४ | | |
| | | | | D | १२ | १७.४६ | ३५० | ६१११ | | |
| | | जम्मा | | | ४० | ११९.८ | | १०५१७० | | |
| | | ३७ | कर्मा | A | २ | २५.३६ | ४०० | १०१४४ | | |
| | | | | B | ७ | ६४.४३ | ३०० | १९३२९ | | |
| | | | | C | ३० | ९७.६२ | १०० | ९७६२ | | |
| जम्मा | | | | | ३९ | १८७.४ | | ३९२३५ | | |
| कुल जम्मा | | | | | २८९ | १४०८.३१ | | ४२९४५७ | २१७५८४ | |

२) प्रस्तुत विषयको संक्षिप्त सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले १५ (पन्ध्र)औं दिन मिति : २०८२/०९/११ गते सम्म समय दिनको १:०० बजे कार्यालय भित्र कारोवार दर्ता प्रमाण, मु.अ.कर दर्ता प्रमाण, कर चुक्ता प्रमाण पत्र, नेपाली नागरिक्ताको प्रमाणपत्र,डिभिजन वन कार्यालयमा सूचिकृत भएको पत्रको प्रतिलिपी समेत संलग्न राखि रु १०००। तिरी (पछि फिर्ता नहुने ) श्री लुम्बिनी प्रदेश वन निर्देशनालय, बुटवल, रुपन्देही, श्री डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) चन्द्रौटा एंव यस श्री गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूह विजयगनर गा.पा.-६, उज्जलपुर, कपिलवस्तुबाट बोलपत्र खरिद गर्न सकिने छ।

३) सूचना प्रकाशन भएको मितिले १६ औ दिन मिति २०८२/०९/१२ गते कार्यालय समय दिनको २: ०० बजे भित्र बोलपत्र खरिद भएको निकायमा बोलपत्र दाखिला गर्न सकिने छ। जसको नामबाट बोलपत्र खरिद गरिएको छ सोहि नामबाट बोलपत्र दाखिला हुनुपर्ने छ।

४) बोलपत्र साथ आफुले कबोल गरेको रकमको दश प्रतिशतले हुने धरौटी वापत रकम यस गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूहको नाममा रहेको नेपाल बैंक लि. शाखा कार्यालय कृष्णनगर चल्ती खाता नं. ०१४००११११७४१८५००००01 मा जम्मा गरेको सक्कल भौचर वा यस समितिले पाउने गरि खिचिएको बैंक ड्राफ्ट वा ६ महिना अवधिको बैंक जमानत पत्र बोलपत्र साथ संलग्न गर्नु पर्ने छ।

५) बोलपत्र खाममा शिलवन्दी गरी खामको बाहिर लट नम्बर, वन पैदावारको जात, शिलबन्दी संख्या, शिल संकेत, बोलपत्रदाताको पूरा नाम थर, ठेगाना, सम्पर्क नम्वर उल्लेख गरि प्रत्येक लटको छुट्टा छुट्टै शिलबन्दी खाम पेश गर्नु पर्ने छ। अधुरो तथा अस्पष्ट ठेगाना उल्लेख भई पत्राचार गर्दा फरक परेमा समिति जवाफदेही हुने छैन।

६) बोलपत्र रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट बुझिने गरी लिलाम लटको प्रत्येक सि. नं. जात, ग्रेड अनुसारको लागि अलग अलग एंव एकमुष्ठ रुपमा कबोल अंक राख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

# गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूह

## विजयनगर गा.पा.-६, उ...जलपुर, कपिलवस्तु

स्था. २०६६

**पत्र संख्या :२०८२/०८३**

**चलानी नं.**

**इमेल : gautambudhacfm@gmail.com**

---

७) श्री लुम्विनी प्रदेश वन निर्देशनालय बुटवल, रुपन्देही तथा डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) मा दाखिला भएका बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएका न्युनतम संख्याका र रितपुर्वक दाखिला भएका बोलपत्रहरु यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधि एवं कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्र खोल्ने वारेको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८) बोलपत्र खरिद /बोलपत्र दाखिला गर्न तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोही वमोजिम हुने छ।

९) बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूहमा निहित रहने छ। कारणवश बोलपत्र स्विकृत नभएमा वा सरकारबाट अन्य कुनै व्यवस्था भएमा बोलपत्र दाताले अन्यथा दाबि गर्न पाउने छैन।

१०) बोलपत्र स्वीकृत भएको जानकारी कार्यान्वयन इकाईको सूचना पाटीमा टाँस गरिने छ। सो को जानकारी लिनुपर्ने दायित्व बोलपत्रदाताको हुनेछ। बोलपत्र स्वीकृत भएको मितिले वन नियमावली २०७९ मा भएको व्यवस्था बमोजिम ४५ दिन भित्र आफुले कबोल गरेको सम्पूर्ण रकम र नियमानुसार लाग्ने कर रकम समेत बुझाई यस कार्यान्वयन इकाईको आदेशानुसार काठ उठाई लैजानु पर्नेछ। संकलन खर्च सकार मोल बाहेक थप दाखिला गर्नुपर्ने छ।

११) म्याद भित्र रकम नबुझाएमा लिलाम सकार गरेको वन पैदावार बापतको धरौटी जफत गरि नियमानुसार हुनेछ।

१२) म्याद नाघि आएको वा रित नपुगेको बोलपत्र उपर कुनै कारबाहि हुने छैन।

१३) यस सुचनामा उल्लेख भए जतिमा सुचना अनुसार र अन्यको हकमा सार्वजनिक खरिद ऐन नियमावली र प्रचलित कानुन बमोजिम हुनेछ।

१४) सुचना बमोजिम बोलपत्र पेश गरी सके पछि सुचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ।

प्रबेज आलम खाँ
अध्यक्ष
गौ.सा.व.उ.स.

## सम्पादकीय

# जेनजीसँगको सम्झौता कार्यान्वयन गर

नेपाल सरकार र जेनजी प्रतिनिधिबीच बुधवार भएको १० बुँदे सहमतिले सुशासन र भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा नयाँ आशा पलाएको छ। सम्झौतामा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्की र जेनजीका तर्फबाट सहिद परिवारहरूका अगुवा भोजविक्रम थापाले हस्ताक्षर गरेपछि यो सम्झौता परिवर्तनका लागि कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ। अहिले भएको सम्झौतापत्रले भोलिको देशको परिवर्तनलाई आत्मसाथ गर्ने सबैले विश्वास लिएका छन्। गत भदौ २३ र २४ गतेको आन्दोलनको मर्म र भावना तथा जेनजी पुस्ताले उठाउँदै आएको सुशासनका मुद्दा, संविधान संशोधन, निर्वाचन प्रणालीमा सुधारलगायत विषयहरू सम्झौतामा समेटिएका छन्। यसले मुलुकलाई नयाँ युगमा लैजान अवसरको ढोका खोल्ने विश्वास गरिएको छ। निश्चितरूपमा देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक-सामाजिक असमानता र अन्याय जस्ता संरचनात्मक कारणहरूबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन नहुँदा उत्पन्न आम वितृष्णा र निराशाका कारण मुलुकमा जेनजीको विद्रोह भएको थियो। जसले मुलुकलाई नयाँ मोडमा पुऱ्याएको छ। अब कम्तिमा पनि जेनजी युवाहरूको माग सम्बोधनको प्रयास भएको छ। यो अत्यन्त सकारात्मक छ। अब सरकारले सम्झौतामा उल्लिखित मागहरू तत्काल कार्यान्वयनमा लैजाओस्। नेपालमा विभिन्न कालखण्डमा जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका आन्दोलनहरूबाट नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, अभिव्यक्ति स्वतन्त्रता, संघीय लोकतान्त्रिक गणतन्त्र, समानतामा आधारित समानुपातिक समावेशी राज्य प्रणालीको अधिकारलाई नयाँ जगबाट स्थापित गर्ने सम्झौता महत्वपूर्ण हुने विश्वास गरिएको छ। निश्चित रूपमा भदौ २३ र २४ गतेको ठूलो परिवर्तन गुम्ने चिन्ता थियो तर जेनजीहरूकै उपस्थितिमा सरकारले जुन सम्झौता गरेको छ, त्यसबाट आशा सिर्जना भएको छ। अब मुलुकलाई नयाँ निर्वाचन अघि नै जेनजीहरूको माग सम्बोधन र कार्यान्वयनमा सरकारले खुट्टा कमाउने काम नगरोस्।

सम्झौतामा जेनजी शहीद र घाइतेका लागि सम्मान, न्याय र परिपूरणको व्यवस्था, शहीद घोषणा, राहत, क्षतिपूर्ति, उपचार, शिक्षा, रोजगार र अर्थपूर्ण स्मृतीकरणका लागि उच्चस्तरीय कार्यदल गर्ने उल्लेख छ। त्यसैगरी भदौ २३-२४ का घटनाको छानबिन र जवाफदेहिता, अत्यधिक बलप्रयोग, गैरन्यायिक हत्या, मानव अधिकार उल्लंघनको निष्पक्ष छानबिन गर्ने उल्लेख गरिएको छ। आन्दोलनकारीमाथि लगाइएका मुद्दाको स्क्रिनिङ र आवश्यक परे फिर्ता लिने समेत सहमति भएको छ। राजनीतिक, नीतिगत भ्रष्टाचार र दलीयकरण अन्त्यका लागि आयोग गर्ने, सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गर्ने, सार्वजनिक संस्थाको दलीयकरण अन्त्य गर्ने, अवैध ट्रस्ट, कोष, जग्गा राष्ट्रियकरणको लागि सिफारिस गर्ने तथा स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन गर्नुपर्ने जेनजी मागमा सरकारले सहमति जनाउँदै हस्ताक्षर गरेको छ। संविधान सुधारका लागि उच्चस्तरीय आयोग, सुशासन, भ्रष्टाचार नियन्त्रण, प्रतिनिधित्व वृद्धि, दोहोरो कार्यकाल सीमा, न्यायालय र आयोगहरूमा सुधार, समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने सहमतिले मुलुकलाई नयाँ दिशा दिन महत्त्वपूर्ण हुने विश्वास सबैले गरेका छन्। त्यसैगरी पारदर्शिता र जवाफदेहिताको सरकारी काम, निर्णय र खर्च सार्वजनिक गर्ने व्यवस्था, विगतका सबै छानबिन आयोगका प्रतिवेदन सार्वजनिक गर्ने सहमतिले मुलुकले काँचुली फेर्ने अपेक्षा गर्नु अन्यथा हुँदैन। तर, यसमा सरकारका तर्फबाट इमान्दारिपूर्वक पहलको आवश्यकता छ। सहमतिमा जेनजी परिषद् गठन गरिने उल्लेख गरिएको छ। सरकार र जेनजी प्रतिनिधिबीच भएको सम्झौता तत्काल लागू र कार्यान्वयन गर्ने उल्लेख छ। यद्यपि कतिपय सहमति निर्वाचन अगावै पूरा गर्न सम्भव नभएकोले त्यसलाई यो सरकारले एउटा प्रक्रियामा अघि लैजानु आवश्यक छ। जेहोस जेनजी सहिदले गरेको बलिदानी खेर जान नदिन यो सम्झौता महत्त्वपूर्ण सावित हुनेछ भन्ने विश्वास गरिएको छ। यसमा सरकारी पक्षको इमान्दारी प्रयासको खाँचो छ।

## गुल्मीमा...

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मार्फत जिल्लाको मदाने गाउँपालिकाको पुर्कोटदह, धुर्कोट गाउँपालिकाको पिपलधारा र सत्यवतीको लिम्पा र रेसुङ्गाको अर्खले लगायतका ठाउँमा चक्लाबन्दी गरी व्यावसायीक सुन्तला खेती गरिएको छ।

गुल्मीको सुन्तला निकै रसिलो र स्वादिलो हुनेभएका कारण बजारमा यहाँको सुन्तलाको राम्रो मागहुँदै आएको छ। सुन्तला खरिद गर्नका लागि बुटवल, पाल्पा, अर्घाखाँची लगायतका जिल्लाहरूबाट व्यापारीहरू घरघरमै पुगेर एकमुष्ट रूपमा सुन्तलाको बगैंचा नै खरिद गर्ने गर्दछन। अहिले बजारमा गुल्मीको सुन्तला प्रति केजी ८० रूपैयाँदेखि एक सय रूपैयाँसम्ममा बिक्री हुँदै आएको छ।

सुन्तलाजात फलफूलको दिगो विकासका लागि कृषि ज्ञान केन्द्रले पनि सुन्तलाका विभिन्न जातहरू पहिचान गरि तिनको व्यावसायीकरण गर्न शुरु गरेको छ। कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम मार्फत सुन्तलाको उत्पादकत्व वृद्धिका लागि बगैंचा व्यवस्थापनमा जोड दिइएको छ। सुन्तलाको बगैंचा सुधारका साथै मलखादको व्यवस्थापन, सिँचाई र बोटहरू काँटछाँट लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमका प्रमुख रमेश जैसवालले बताए।

जिल्लामा धुर्कोट गाउँपालिकाको नयागाउँ, पिपलधारा, छत्रकोटको तुम्का, शृङ्गा, रेसुङ्गा नगरपालिकाको भाडगाँउ, रूरुक्षेत्रको मुसिडाँडा, चौतारा, मुसिकोट नगरपालिकाको अर्लाङ्कोट, गुल्मीदरबारको गौडाकोट, कालीगण्डकीको अर्केनी, जयखानी चन्द्रकोटको रेमी, सत्यवती र मदानेको भनभने सुन्तलाको मुख्य पकेट क्षेत्रको रूपमा रहेका छन्।

## लुम्बिनी...

६.३ ओभरमा तिलक भण्डारीले ७ रन जोडेका शंकर रानालाई बोल्ड गरे।१० ओभरमा साम हेजलेट ३४ रनमा आउट भए। जेजे स्मिथको बलमा दुर्गेश गुप्ताले हेजलेटको क्याच लिए। लुम्बिनीले १० ओभरमा ५ विकेटको क्षतिमा ५८ रन मात्र बनाएको थियो।

११.५ मा ३ रन बनाएका बसिर अहमद तिलकको बलमा ट्रम्पलम्यानबाट क्याच भए। १२.५ ओभरमा सन्दीप लामिछाने ३ रन बनाएर आउट भए। अभिषेश गौतमको बलमा सन्दीपलाई सन्दीप जोराले क्याच लिए। १४.२ बलमा अभिषेशको बलमा १७ रन बनाएका मर्चेन्ट डि लाङ्गेलाई विकेटकिपर निरोशन डेक्वेलाले स्टम्प आउट गरे। १५.५ ओभरमा तिलकको २ प्रतिश जिमी हार्मी सटद्वारा क्याच भए।

१७.५ ओभरमा जेजेले अन्तिम विकेटका रूपमा नरेन भट्टको विकेट लिए। नरेनले टोलीका लागि दोस्रो ठूलो स्कोर २१ रन बनाए। बलिङ्मा लुम्बिनीका तिलकले ३, ट्रम्पलम्यान, जेजे, अभिषेशले समान २ र शेर १ विकेट लिए।

कीर्तिपुरस्थित टियु रंगशालामा त्यसअघि विराटनगरले टस जितेर पहिला फिल्डिङ रोजेको थियो। तर लुम्बिनीले ठूलो स्कोर बनाउन सकेन। पावर प्लेमा १ विकेटको नोक्सानीमा ४४ रन जोडेको लुम्बिनीले त्यसलाई ठूलो योगफलमा परिणत गर्न असफल भयो। लुम्बिनीले ८ विकेट गुमाएर १ सय ३४ रन रनको सामान्य स्कोर बनाएको थियो। दिनेश अधिकारीलाई दोस्रो ओभरको अन्तिम बलमा सन्तोष भण्डारीले आउट गरे। साम हेजलेटले क्याच लिए। लुम्बिनीले पावर प्लेमा १ विकेटको क्षतिमा ४४ रन बनायो। लुम्बिनीले १० ओभरमा १ विकेटको नोक्सानीमा ६९ रन जोड्यो। सन्तोषले ११.२ ओभरमा कप्तान रोहित पौडेललाई बोल्ड गरे। ३० बल खेलेका रोहितले समान २ छक्का र चौकासहित ३४ रन बनाए।

रोहित र डार्सीले दोस्रो विकेटको लागि ६९ को साझेदारी गरे। त्यसपछि ठूलो साझेदारी बन्न सकेन। सन्तोषको बलमा ११.५ मा ४१ रनमा डार्सीले जीवनदान पाए। प्रतिश जिसीले म्याच छुटाए। सन्तोषले १३.५ ओभरमा ४५ रन बनाएका डार्सीको विकेट लिए। डार्सीले ४१ बलमा ३ चौका र १ छक्का प्रहार गरे। मार्टिन गप्टिलले उनको क्याच लिएका हुन्। सन्दीपको बलमा १४.५ मा सन्दीप जोराको मर्चेन्ट डि लाङ्गेले क्याच लिए।

१५.३ मा जेजे स्मिथ प्रतिशको बलमा बसिरबाट क्याच भए। सोही ओभरको अन्तिम बलमा १ रन जोडेका दीलिप नाथको क्याच लाङ्गेले लिए। सन्दीप र जेजेले रनको खाता पनि खोल्न सकेनन्। १७.५ ओभरमा सन्दीपको बलमा २९ रन बनाएका निरोशन डिक्वेला हेजलेटबाट समातिए। १९.५ ओभरमा ७ रन बनाएका शेर मल्ल प्रतिशको बलमा लाङ्गेबाट समातिए। सन्तोष र प्रतिशले समान ३ र सन्दीपले समान २ विकेट लिए।

लुम्बिनीले शनिवार सुदूरपश्चिम रोयल्ससँग फाइनल खेल्ने छ। सुदूरपश्चिमले लगातार दोस्रो र लुम्बिनीले पहिलो पटक फाइनल खेल्नेछ। विराटनगर क्वालिफायर वानमा सुदूरपश्चिमसँग ७७ रनले पराजित भएपछि क्वालिफायर टुमा खेल्नु परेको हो। हिजो एलिमिनेटरमा काठमाडौं गोर्खाजलाई ४ विकेटले हराउँदै क्वालिफायर टुमा स्थान पक्का गरेको हो। (एजेन्से)

## कोलनगर...

सोही अनुसार नै जिल्ला प्रशासन कार्यालय र नगरपालिका उक्त स्थान खुल्ला राख्नका लागि आवश्यक प्रकृया अगाडी बढाउने प्रतिवद्धता अनुसार विभागले भेटिएको भग्नावशेष स्थल खुल्ला राखेर फर्केको बताउँदै यादवले भने, खुल्ला राखिने भए पछि आउने पर्यटकलाई अवलोकन गर्न सहज हुने देखिएको छ।

विगत बर्षमा पनि पुरातत्व विभाग र दुराम विश्वविद्यालयका प्राविधिक टोलीले विगत बर्षमा नै भुभौतिक सर्वेक्षण गरि प्रतिवेदन बुझाएको थियो। सो स्थान कोलिय राजाहरूको राजधानी तथा बुद्धको जन्म दिइने महामायाको जन्म स्थल हो। भगवान गौतम बुद्धको जन्म दिइने आमा महामाया,पालन गर्ने प्रजावति गौतमी,सिद्धार्थको बुद्धत्व (ज्ञान) प्राप्तीमा सहज सहयोग गर्ने उनकी पत्नि यशोधराको जन्मस्थल त्यही कोलनगर क्षेत्र भएको हुदा संसारका बौद्धमार्गीका लागि एक महत्वपुर्ण स्थान हो। कोलिय गणराज्यको महत्व बौद्धमार्गीका लागि ठूलो छ। कोलिय राजाहरूकै स्थापना गरिएको रामग्राम स्तुप अहिले संसारकै लागि एक मात्र मौलिक स्तुप रहेको छ।

सो स्तुप अहिलेसम्म मौलिक रूपमा बचाई राख्नका लागि कोलियहरूको ठूलो योगदान हुनु पर्छ। तत्कालिन मगध सम्राट अशोकले अन्य ७ वटा स्तुपको उत्खनन गर्न सक्नु र कोलियले स्थापना गरेको रामग्राम स्तुप उत्खनन नगरि मौलिक रूपमा छाडि दिइनुको पनि कुनै अध्यात्मिक रहस्य नै भएको हुनु पर्छ। यस क्षेत्रको खोज हुँदै जाँदा अहिले चक्रिय प्रणालीमा प्राचिन शहर बसालिएको पुरातात्विक अनुसन्धान तथा भुभौतिक सर्वेक्षणले देखाएको छ।

बुद्ध जन्मनु पुर्व कालका यहाँ भेटिएका समाग्रिको समय परिक्षण (कार्बन डेटिङ) ले देखाएको समेत पुरातत्व टोलीले जानकारी गराएको थियो। इसा पूर्व ६ सय पुराना प्राचिन बस्तुहरूले पनि यो कोलिय गणराज्यको राजधानी भएको पुष्टि गरेको छ,। राजधानी क्षेत्रका अन्तोनगर र बाह्य नगर गरि विभिन्न बस्तीहरू ६० विघा क्षेत्रफलमा फैलिएको अनुमान पुरात्व टोलीले गरेको छ। गणराज्यको सिमा उत्तरमा चुरे पहाड, पूर्वमा अनोमा (हालको गण्डकी) नदी, पश्चिममा रोहिणी नदी र दक्षिणमा पिपलीवनको सिमासम्म फैलिएको थियो। यो गणराज्य भित्र विभिन्न १२ वटा नगर (निगम) हरू रहेको थियो। त्यस मध्ये विभिन्न समयमा ६ वटा राज्यमा भगवान बुद्ध पुगेको बौद्ध साहित्यहरूमा उल्लेखित छ।

रोहिणी नदी पश्चिममा रहेको शाक्यहरूको कपिलवस्तु राज्यका राजकुमारी सुप्रियालाई पनि कुष्टरोग लागेको थियो। उनी पनि कुष्टरोग निको पार्न यसै कोलवृक्षको बन क्षेत्रमा आएकी थिईन्। उनको पनि कुष्टरोग निको भएको थियो। कोलवृक्षको जंगलमा बाघले सुप्रिया माथि आक्रमण गरेको थियो। सुप्रियालाई राजा रामले बचाए र संरक्षण दिएका थिए। पछि राजा राम र सुप्रिया दुवैको वैवाहिक सम्बन्ध कायम भयो। सो सम्बन्धले कोलिय र शाक्यहरू विच विहवारीको सम्बन्ध निरन्तता पायो। शताब्दी पछि कोलिय राजकुमारी महामायाको विवाह शाक्य राजकुमार शुद्धोधनसँग भयो। लामो समयसम्म सन्तान नजन्मे पछि महामायाले शुद्धोधनको दोस्रो विवाह आफ्नै बहिनी प्रजावतीसँग गराएकी थिईन्।

महामायाकै कोखबाट शुद्धोधनका पुत्र सिद्धार्थको लुम्बिनी बनमा जन्म भयो। जन्म पश्चात एक साता मै महामायाको मृत्यु भयो र सिद्धार्थको पालन पोषण उनकी सानी आमा प्रजावतीले गरिन्। कोलिय राजा दण्डपानीको विवाह पनि शाक्य राजा शुद्धोधनको बहिनी अमितासँग भएको थियो। उनकी छोरी यशोधराले जन्म लिइन्। तिनै यशोधरासँग सिद्धार्थको विवाह भयो। सिद्धार्थको छोरा राहुलको जन्म पश्चात ज्ञानको खोजीमा सिद्धार्थले गृहत्याग गरेर बोधगयामा तपस्या गर्दै बुद्धत्व प्राप्त गरेर सम्यक सम्बुद्ध भएका थिए।


## Invitation for Sealed Quotation

**Name of the Office: Dharan Sub- Metropolitan City Office, Dharan**

**Sealed Quotation No:17/DHARAN/WORKS/SQ/082/83**

**Date of Publication : 12-12-2025,2082-8-26**

1. The Dharan Sub- Metropolitan City Office, Dharan invites sealed quotations from registered contractors for the construction of Sital Marga(Kha) Asphalt Concrete Road Construction Work,Dharan-15(in NRs.): 12,95,061.97 (Exclusive of VAT and Contingencies and including P.S)
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at PPMO website www.bolpatra.gov.np.

**Chief Administrative Officer**

## गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूह

विजयनगर-६, उज्जलपुर, कपिलवस्तु

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोश्रो पटक प्रकाशन मिति: २०८२/०८/०२६

यस गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ. व. २०८०/०८१ मा पुनरुत्पादन कटान प्लट तथा ढलापडा रुखहरु कटान मुछान गरि सोबाट उत्पादन भएका काठ, दाउरा मध्ये बिक्री बितरण भइ बाँकी रहेका विभिन्न प्रजातिका गोलिया थान ४५७ को २५४९.०७ क्यू. फि. काठ २ (दुइ) वटा लट बनाइ राखिएकोमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कारोबार गर्ने सम्बन्धित निकायमा सूचिकृत भएका वन पैदावारमा आधारित उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन दिनको १:०० बजे भित्र बोलपत्र खरिद गरि प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र १६औं दिन दिनको २:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ ।

## लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड, तानसेन-७ प्रभास, पाल्पाको बीसौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित: २०८२/०८/२६

मिति २०८२/०८/१० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको बीसौं वार्षिक साधारण-सभा देहाय बमोजिमको मिति, स्थान र समयमा निम्न बमोजिमका विषय र प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, स्थान र समय**

मिति: २०८२/०९/०५ गते शनिबार (तद्नुसार डिसेम्बर २०, २०२५)।

स्थान: ता. न. पा. - ७, प्रभास, पाल्पा स्थित कम्पनीको भवन।

समय: बिहानको ९:०० बजे।

**छलफलका बिषयहरू**

क) सामान्य प्रस्तावहरू:

१. बीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजीको २०% (कर सहित) नगद लाभांश वितरण पारित गर्ने।

४. आ. व. २०८२/०८३ को लागि लेखापरिक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

५. शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक को निर्वाचन गर्ने।

ख) बिबिध

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव


## नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
## गुल्मी

सूचना प्रकाशन मिति २०८२।०८।२६

मदन भण्डारी राजमार्ग योजना कार्यालय, गुल्मी अन्तर्गत गुल्मी जिल्लाको रिढि तम्घास सडक खण्ड र रिढि खरस्याङ सडक खण्डको स्तरोन्नति गर्ने क्रममा तपसिलका घर, गोठहरूको, जग्गा प्राप्ति ऐन २०३४ बमोजिम, क्षतिपूर्ति प्रदान गरिने प्रयोजनका लागि सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र योजना कार्यालयसँग समन्वय गरी सहमती लिएर मात्र आ-आफ्ना घर, गोठहरू लगायतका संरचना भत्काई तोकिएको क्षतिपूर्ति रकम बुझिलिन मदन भण्डारी राजमार्ग योजना कार्यालय, गुल्मीमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ। रकम बुझ्न आउँदा हकदैया वा भोगचलन सम्बन्धि निस्सा प्रमाण सहित नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, जग्गा धनी पुर्जाको प्रतिलिपि सहित सम्बन्धित वडा कार्यालय र साइट इन्जिनियरको घर भत्काई सकेको सिफारिश समेत संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ। यो सूचनामा उल्लेखित नाम, ठेगाना वा कित्ता नं. फरक परेमा सम्बन्धित धनीबाट प्रमाण पुर्याई निवेदन दिन सकिनेछ।

| सि. नं. | घरधनीको नाम | घर, गोठ रहेको: हालको गा.पा/न.पा | वडा नं. | कित्ता नं. | जम्मा क्षेत्रफल (वर्ग मिटर) |
|---|---|---|---|---|---|
| रिढि तम्घास सडक खण्ड, गुल्मी। | | | | | |
| १ | शिव कला क्षेत्री | ६६, बलेटक्सार | ४ | ८१५ | ८९.१० |
| २ | शितल कुमारी श्रेष्ठ | ६६, बलेटक्सार | ४ | ९५१ | ६७.९८ |
| ३ | शिवलाल श्रेष्ठ | ६६, बलेटक्सार | ४ | २४१ | १५४.८० |
| ४ | गोविन्द मान श्रेष्ठ | ६६, बलेटक्सार | ४ | ९२८ | ७३.७० |
| ५ | भोजराज न्यौपाने | ६६, बलेटक्सार | ४ | ७४२ | २४.०० |
| ६ | नेत्र प्रसाद श्रेष्ठ | ६६, बलेटक्सार | ४ | ४१९ | ३६.२६ |
| ७ | गोकुल अर्याल | छत्रकोट, शृङ्गा | ४ | १०७ | ४४.०२ |
| ८ | सिता न्यौपाने | छत्रकोट, शृङ्गा | ४ | १०६ | ८२.४४ |
| ९ | टंक कंडेल | छत्रकोट, शृङ्गा | ४ | ७२४, ७२५ | १५९.०० |
| १० | शान्ति देवी क्षत्री क्षेत्री | छत्रकोट, शृङ्गा | ४ | २०९ | ४९.६४ |
| ११ | बिबलाल भुसाल | छत्रकोट तुम्का, | ३ | १०६६ | ३६.१० |
| १२ | लालमणि पंथ | छत्रकोट तुम्का, | ३ | १८३ | ४०.३० |
| १३ | अमर बहादुर पन्थ /लक्ष्मी पन्थ | छत्रकोट तुम्का, | ३ | १२२२, १२२५, १२२१, ३३१ | ६३.६६ |
| १४ | मनिकला राना | छत्रकोट, भेडुवा | २ | ८९८, ८९९, ८१२ | १८.२५ |
| १५ | मिना सोमरे | छत्रकोट, भेडुवा | २ | ८१० | ३०.६२ |
| १६ | देवि प्रसाद पौडयाल | छत्रकोट, भेडुवा | ३ | ८०५ | ११९.९४ |
| १७ | मसुरी कार्कि | छत्रकोट, भेडुवा | ३ | ८०३ | ८३.६० |
| १८ | इन्द्रकला सिंजाली | छत्रकोट, भेडुवा | २ | ८०१ | ७६.०६ |
| १९ | राम बहादुर मोहत्रा | छत्रकोट, भेडुवा | २ | ७१६ | ४०.९० |
| २० | क्षेत्र बहादुर महोत्रा | छत्रकोट, भेडुवा | २ | ३०० | ६६.३१ |
| २१ | तुलसादेवि टन्डन | छत्रकोट, भेडुवा | २ | १२२७ | ३३.७० |
| २२ | मिना बस्नेत | छत्रकोट, भेडुवा | २ | ७६५ | ५२.८० |
| २३ | तारानाथ कडेल | गुल्मिदरबार, बिरबास | ४ | ९९५ | ५८.६३ |
| २४ | इन्द्र बहादुर रजाली | गुल्मिदरबार, बिरबास | ४ | ७२५ | २६.९१ |
| २५ | नरेन्द्र किरण ठकुरी | गुल्मिदरबार, बिरबास | ४ | ४५३ | ७१.३६ |
| २६ | | | ४ | | ३.९४ |
| २७ | कमला पोखरेल | गुल्मिदरबार, बिरबास | ४ | ६६६ | १२८.०० |
| २८ | पार्वती भण्डारी | गुल्मिदरबार, बिरबास | ४ | ७५२ | ३०३.६० |
| २९ | पार्वता कंडेल | गुल्मिदरबार, बिरबास | ४ | १५५८ | ४७.६० |
| ३० | नरेन्द्र किरण ठकुरी | गुल्मिदरबार, बिरबास | ४ | ७५० | २३.०६ |
| ३१ | सुन्तलि सुवेदि | गुल्मिदरबार, बिरबास | ४ | ९५४ | १५७.१८ |
| ३२ | रण बहादुर वि. क. | छत्रकोट, तुम्का | ३ | २२७ | ३६.०० |
| | | छत्रकोट, तुम्का | ३ | २३० | ३६.६० |
| | | छत्रकोट, तुम्का | ३ | २३१ | ३२.३० |
| ३५ | गोपाल भुसाल | छत्रकोट, शृङ्गा | ४ | ४०९ | १५.८२ |
| | | | ४ | ४०९ | ०.९२ |
| ३७ | टंक बहादुर क्लान | गुल्मिदरबार, बिरबास | ४ | ७४५ | १६.०८ |
| रिढि खरस्याङ सडक खण्ड, गुल्मी। | | | | | |
| १ | सुमित्रा ज्ञवाली | रु. एक्लेपिपल | १ | | २७.९७ |
| २ | सुमित्रा ज्ञवाली | रु. एक्लेपिपल | १ | | ११.०६ |
| ३ | सुभद्रा ज्ञवाली | रु. एक्लेपिपल | १ | १०२० | १५६.३८ |
| ४ | गुरु प्रसाद ज्ञवाली | रु. एक्लेपिपल | १ | ६२८, ५३७, ६१०, ५५६, ६२९, ६२१, ६३३, ७८५ | १३८.०० |
| ५ | गुरु प्रसाद ज्ञवाली | रु. एक्लेपिपल | १ | ६२८, ५३७, ६१०, ५५६, ६२९, ६२१, ६३३, ७८५ | २७.१५ |
| ६ | बिमला ज्ञवाली क्षित्रेल | रु. एक्लेपिपल | १ | १६१० | ३०.९३ |
| ७ | बाबुराम ज्ञवाली | रु. सातमुरे | १ | | ५०.७४ |
| ८ | चन्द्रकला ज्ञवाली | रु. सातमुरे | १ | १०६४ | ७४.६० |
| ९ | बिमला बुढा | रु. सातमुरे | १ | १०६५ | २३.५० |
| १० | भगवतलाल गिरी | छत्रकोट, अगाहा बजार | ४ | | १३२.६४ |
| ११ | शुस्मिता कुवाल | छत्रकोट, अगाहा बजार | ४ | ९१९ | १०१.६९ |
| १२ | राधा ज्ञवाली | छत्रकोट, अगाहा बजार | ४ | ९१७, ७७३, १०५८ | १२५.८० |
| १३ | राधा ज्ञवाली | छत्रकोट, अगाहा बजार | ४ | | २७.०२ |
| १४ | ओम प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | २२, ३, १४, ४११, ४१०, १५५४, १५६० | ४१.०८ |
| १५ | दुर्गा प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | ११०९ | २२.१३ |
| १६ | दुर्गा प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | ११०९ | ३३.१८ |
| १७ | बिमला श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | १३१०, ११४९ | ३४.१० |
| १८ | डग बहादुर दर्लामी | छत्रकोट, अगाहा बजार | ४ | १०४५ | ४१.९० |
| १९ | ओम श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | २२, ३, १४, ४११, ४१०, १५५४, १५६० | ३७.२४ |
| २० | सरस्वती भुसाल | छत्रकोट, अगाहा बजार | ४ | ४१२ | १२७.६० |
| २१ | चिना श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | ६६९ | २१.३१ |
| | | | | ६६९ | २.२५ |
| | | | | ६६९ | ८.०० |
| २२ | लक्ष्मी श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | १२३१ | १२८.६४ |
| २३ | वीर प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | ४५.६१ |
| २४ | चन्द्र प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | ७४६ | २१.५३ |
| २५ | लाल कुमारी श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | ७३७, ३३९ | ११.२२ |
| २६ | वीर प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | ९६.८० |
| | वीर प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | १०.५० |
| २७ | वीर प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | ११७.८४ |
| | वीर प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | ४१.१७ |
| २८ | लाल कुमारी श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | ३८.७० |
| २९ | वीर प्रसाद श्रेष्ठ | छत्रकोट, अगाहा बजार | ४ | | ३६.०८ |
| ३० | मसुरे सार्की | छत्रकोट-५, गुल्मी | ५ | १४९६ | ५०.४० |
| ३१ | इदन बहादुर पर्ति | छत्रकोट-५, गुल्मी | ५ | १६३६ | ४९.६२ |
| ३२ | रमेश कुमार श्रेष्ठ | छत्रकोट-५, गुल्मी | ५ | २५९, २६८, ८९८ | ४५.१८ |
| ३३ | दामोदर पौडेल | छत्रकोट-५, गुल्मी | ५ | ६९७, ८८३ | ५२.४४ |
| | | | | ६९७, ८८३ | ११.४० |
| ३४ | दिपक श्रेष्ठ | छत्रकोट | ५ | ७०४ | ३३.६० |
| | दिपक श्रेष्ठ | छत्रकोट | ५ | | १६.०३ |
| ३५ | बाबुराम घिमिरे | छत्रकोट | ५ | | ४६.१२ |
| ३६ | पोष्टराज ज्ञवाली | छत्रकोट | ५ | ८४९ | १००.२५ |
| ३७ | पदम बहादुर भण्डारी | छत्रकोट | ५ | २७५ | १२९.९६ |
| ३८ | उद्ध बहादुर सार्की | छत्रकोट | ६ | | १०३.०८ |
| ३९ | थानेश्वर अर्याल | छत्रकोट | ५ | ८०७ | ६६.६१ |
| | | | | ८०७ | ६९.३२ |
| ४० | इन्दिरा घिमिरे | छत्रकोट | ६ | | ८३.०८ |
| ४१ | इन्दिरा घिमिरे | छत्रकोट | ६ | | ६८.४० |
| | | | | | ४४.३९ |
| | | | | | ४९.५८ |
| | | | | | ४३.३९ |
| ४२ | टेकराज घिमिरे | छत्रकोट | ५ | | ९९.७८ |
| | | | | | ३३.६० |
| | | | | | २९.५६ |
| | | | | | ५८.०५ |
| ४३ | कमल बहादुर छपुंगे | छत्रकोट | ५ | | १७०.३५ |
| ४४ | शिव प्रसाद श्रेष्ठ | छत्रकोट | ५ | | ३६.०० |
| ४५ | देवी प्रसाद ज्ञवाली | छत्रकोट | ६ | | ५८.८९ |
| ४६ | बदलाल भण्डारी | छत्रकोट | ६ | | ४६.३२ |